नेपाल सरकार
गृह मन्त्रालय
## सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय
मानवश्रोत विभाग, तालिम निर्देशनालय,
भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भु, काठमाण्डौ ।

### नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०८/१८ गते, सूचना नंम्बरः ०३(०७६/०७७)

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूह तर्फ **सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक** पदमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु. १०/- को टिकट टांसी (स्वयम् उपस्थित भई) दरखास्त आह्वान गरिन्छ ।

१. **आवश्यक माग पद संख्याः-**

| सि.नं. | विज्ञापन नम्वर | पद | खुला | अमर/अशक्त स.प्र.क. सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| १. | ८(०७६/०७७) | सशस्त्र प्रहरी निरीक्षक | ३१ | १ | ५ | ९ | ७ | ४ | १ | ५८ |
| २. | ९(०७६/०७७) | सशस्त्र प्रहरी सहायक निरीक्षक | १२८ | ३ | २२ | ३५ | ३० | १६ | ५ | २३९ |

२. **दरखास्त फाराम दर्ता मिति** :- २०७६/०८/१८ गते, १०:०० बजेदेखि २०७६/०९/१७ गते, १६:०० बजेसम्म ।

३. **सम्पर्क मिति** :-

(क) सशस्त्र प्रहरी निरीक्षक पदको लागि भर्ना तथा छनौट शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोकमा मिति २०७६/१०/०७ गते बिहान ११:०० बजे ।

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि फाराम दर्ता गरेको सम्बन्धित कार्यालयहरुमा मिति २०७६/१०/०७ गते बिहान ११:०० बजे।

४. **दरखास्त फाराम बुझाउने स्थानहरु :-**

| सि.नं. | कार्यालय | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौ । | ०१-५२४९०२४ |
| २. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकली, सुनसरी । | ९८५१२७२०२९ |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी । | ९८५१२७२०२४ |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गढीमाई बाहिनी मुख्यालय, मकवानपुर । | ९८५१२७२१७६ |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा, कास्की । | ९८५१२७२०२५ |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय, चन्द्रौटा, कपिलबस्तु । | ९८५१२७२०७८ |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, बाङ्गेसिमल, सुर्खेत । | ९८५१२७२०२६ |
| ८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया, कैलाली । | ९८५१२७२०२७ |

५. **आवश्यक न्यूनतम योग्यता :-**

| सि.नं. | दर्जा | आवश्यक न्युनतम योग्यता |
|---|---|---|
| १. | सशस्त्र प्रहरी निरीक्षक | क. विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा भई २५ वर्ष ननाघेको,<br>ख. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>ग. **शैक्षिक योग्यताः** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको,<br>घ. पुरुषको लागि कम्तीमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तीमा पाँच फिट उचाई भएको,<br>ङ. पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको,<br>च. पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>छ. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>ज. प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>झ. आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>ञ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, |

| | | |
|---|---|---|
| | | ट. दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>ठ. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>ड. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>ढ. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>ण. नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २. | सशस्त्र प्रहरी सहायक निरीक्षक | क. विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको,<br>ख. **शैक्षिक योग्यताः** मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरहको उपाधि प्राप्त गरेको,<br>ग. अन्य योग्यताको हकमा सशस्त्र प्रहरी निरीक्षक पद सो सरह हुने छ । |

**नोटः** सशस्त्र प्रहरी सेवाको पदमा बहाल रही सशस्त्र प्रहरी जवान तथा सशस्त्र प्रहरी सहायक निरीक्षक पदको आधारभूत तालिम सम्पन्न गरेका सशस्त्र प्रहरी कर्मचारीहरुले साधारण समूह, साधारण उपसमूहतर्फका पदहरुको हकमा प्रथम पटक विज्ञापन प्रकाशित मितिमा ३० वर्ष उमेर पूरा नभएसम्म सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि उम्मेदवार हुन सक्नेछन् ।

६. **राजश्व दस्तुरः**

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | सशस्त्र प्रहरी निरीक्षक | दरखास्त बुझाँउदा **रु. १०००।- (एक हजार)** बुझाउनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्नेछ । |
| २. | सशस्त्र प्रहरी सहायक निरीक्षक | दरखास्त बुझाँउदा **रु. ३००।- (तीन सय )** बुझाउनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्नेछ । |

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ :**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - एक (१) प्रति ।

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो - तीन (३) प्रति ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि - एक/एक (१/१) प्रति । (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि - एक (१) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि ।

(ङ) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि - एक (१) प्रति ।

(च) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि - एक (१) प्रति राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि ।

(छ) **पिछडिएका क्षेत्रका** लागि **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त दिँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको प्रतिलिपि - एक (१) प्रति ।

८. **परीक्षा विधि :**

**(क) प्रारम्भिक शारीरिक परीक्षण ।**

**(ख) शारीरिक सहिष्णुता परीक्षा ।**

**(ग) विस्तृत स्वास्थ्य परीक्षण ।**

**(घ) आई क्यू.परीक्षा :** पूर्णाङ्क ५० साधारण समूह तर्फ स.प्र.नि.पदका लागि मात्र लोक सेवा आयोगद्वारा लिईने छ ।

**(ङ) लिखित परीक्षा : निम्न अंकभार सहितका विषयहरुको लिखित परीक्षा लोक सेवा आयोगद्वारा लिईने छ ।**

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय
मानव स्रोत विभाग
हलचोक स्वयम्भू, काठमाडौं

| सि.नं. | सशस्त्र प्रहरी निरीक्षक | |
|---|---|---|
| | विषय | पूर्णाङ्क |
| १ | नेपाली | ५० |
| २ | अंग्रेजी | ५० |
| ३ | सामान्य ज्ञान | ५० |
| ४ | नेपालको विद्यमान संविधान र कानून | ५० |
| ५ | सेवा सम्बन्धी | १०० |

| सि.नं. | सशस्त्र प्रहरी सहायक निरीक्षक | |
|---|---|---|
| | विषय | पूर्णाङ्क |
| १ | नेपाली र अंग्रेजी | १०० |
| २ | सामान्य ज्ञान र आई.क्यू. | १०० |
| ३ | नेपालको विद्यमान संविधान र सेवा सम्बन्धी | १०० |

**(च) गुणमापक परीक्षा : सशस्त्र प्रहरी निरीक्षक पदका लागि मात्र ।**

**(छ) विशेष स्वास्थ्य परीक्षण ।**

**(ज) बोर्ड अन्तर्वार्ता ।**

पुनश्चः

(क) दरखास्त फाराम सशस्त्र प्रहरी बल, नेपालको **website: www.apf.gov.np** बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्रहरु राखी तोकिएको स्थानमा बुझाउन सकिने छ र बिभिन्न चरणमा लिईने परीक्षाहरुको पाठ्यक्रम सोही वेभसाईटमा हेर्न सकिनेछ ।

(ख) सशस्त्र प्रहरी निरीक्षक पदका निमित्त सिं. नं ४ मा उल्लेखित जुनसुकै कार्यालयमा दरखास्त फाराम बुझाएता पनि सम्पर्क लगायत सम्पूर्ण छनौट परीक्षाहरु **सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक स्वयम्भुमा** हुनेछ ।

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदको सम्पर्क लगायत प्रारम्भिक शारीरिक परीक्षणदेखि लिखित परीक्षासम्म दरखास्त फाराम दर्ता गरिएका सम्बन्धित कार्यालयहरुमा र लिखित परीक्षाको नतिजा प्रकाशन लगायत सो भन्दा पछिका परीक्षाहरु मानवश्रोत विभाग, तालिम निर्देशनालय, भर्ना तथा छनौट शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा हुनेछ ।

(घ) हरेक चरणको परीक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।

(ङ) परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फ उम्मेदवारहरु बीच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने छ ।

(च) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसारको क्रममा गरिने छ ।

(अ) खुला (आ) महिला (इ) आदिवासी/जनजाति (ई) मधेसी

(उ) दलित (ऊ) पिछडिएको क्षेत्र (ए) अमर/अशक्त स.प्र.क. सन्तति

(छ) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयवाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तालिम गर्नुपर्नेछ ।

(ज) दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा नै ल्याउनु पर्नेछ ।

(झ) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।

(ञ) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

**नोटः-** उम्मेदवारहरुले आगामी परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट ***www.apf.gov.np*** बाट तथा नेपाल टेलिकमको ***SMS*** सेवा मार्फत ***RCT<Space>*** दर्ता नं. टाईप गरी १११४ मा ***SMS*** गरी जानकारी लिन सकिनेछ । तर प्राविधिक कारणबस नतिजा बाझिन गएमा आधिकारिक पत्रद्वारा प्रकाशित सूचना नै मान्य हुनेछ ।

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय मानव श्रोत विभाग हलचोक स्वयम्भू काठमाण्डौं

मानवश्रोत विभाग, तालिम निर्देशनालय,
भर्ना तथा छनौट शाखा,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौ ।
०१-५२४९०२४